नगर प्रमुख श्री सुरत के.सी. ज्यूले नगर सभाको १९ औं अधिवेशनको बैठकमा

प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

## बेनी नगरपालिका

## बेनी, म्याग्दी

मिति २०८३/०३/०९ गते

# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यहरू,**

नेपालको संविधानले स्थानीय सरकार सञ्चालनको जिम्मेवारी जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिमूलक संस्थालाई प्रदान गरेको छ । स्थानीय सरकारलाई उपलब्ध हुने वित्तीय स्रोत साधनको कुशलतापूर्वक परिचालन गरी नगरबासीको जीवन र दैनिकीमा सकारात्मक परिवर्तन ल्याउने महत्वपूर्ण अभिभारा निर्वाचित जनप्रतिनिधिमा निहित रहेको छ । विगत चार वर्ष देखि हामीले निरन्तर रुपमा यही जिम्मेवारी निर्वाह गर्दै आएका छौं । नगरबासीले हामीप्रति गर्नु भएको विश्वास र भरोसालाई उच्च सम्मान गर्दै बेनी नगरपालिकाको नगरसभाको अध्यक्षको हैसियतमा नगर सभाको १९ औं अधिवेशनको बैठकमा आर्थिक वर्ष २०८३/८४ को लागि तय गरिएको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु । यस घडीमा मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि नेपाली जनताले गरेको बलिदानको स्मरण गर्दै यस दौरानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

हामी निर्वाचित भई स्थानीय सरकार सञ्चालनको जिम्मेवारी सम्हालेको चार वर्ष पूरा भइसकेको छ। यस अवधिमा हामी आफैंले तर्जुमा गरेका चार वटा वार्षिक बजेट सफलतापूर्वक कार्यान्वयन गरिसकेका छौं भने आगामी आर्थिक वर्षका लागि पाँचौं बजेट तर्जुमा गर्न नगरसभाको अधिवेशन आह्वान गरी आजको यस बैठकमा सहभागी भएका छौं। विगतका बजेट तथा कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त उपलब्धि, समग्र कार्यसम्पादनबाट हासिल भएका नतिजा र यस क्रममा प्राप्त अनुभवहरूले हामीलाई थप उत्साहित र ऊर्जाशील बनाएका छन् । ती उपलब्धि र सिकाइलाई आधार मानी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेटमार्फत स्वच्छ, सुन्दर र समृद्ध बेनी नगरपालिका निर्माण गर्ने हाम्रो अभियानलाई अझ प्रभावकारी ढंगले अघि बढाउन हामी पुनः प्रतिबद्ध र अग्रसर भएका छौं।

नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौँ आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, बेनी नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा विगतका वर्षहरुमा अवलम्बन गरेका नीति तथा कार्यक्रम समेतलाई आधार लिँदै प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । हामीले तय गरेको **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार: स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालीन सोच, राष्ट्रिय तथा प्रादेशक नीति तथा प्राथमिकता र बेनी नगरपालिकाको आवश्यकता

र प्राथमिकता समेतलाई विचार गरी आगामी वर्षको नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिएको छु।

क) गुणस्तरीय शिक्षा मार्फत् सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने,

ख) सुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्ने,

ग) व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्बन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

घ) पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रचार प्रसार गर्ने,

ङ) संघ तथा प्रदेश सरकारसँगको साझेदारी र समन्वयमा दिगो, गुणस्तरीय र योजनाबद्ध पूर्वाधार विकास गर्ने,

च) सुलभ, सरल र द्रुत सेवा प्रवाहको माध्यमबाट नगरबासीमा सुशासनको अनुभूति गराउने।

**नगर सभाका सदस्यहरू,**

अब म आ.व. २०८३/८४ को लागि तय गरिएका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास क्षेत्र

### क) कृषि, पशुपालन तथा सिंचाइ

१. **"कृषि उत्पादनमा वृद्धिः बेनी नगरको समृद्धि"** भन्ने नाराको मर्म अनुरुप कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ। नगरपालिकालाई उत्पादनमा आधारित अनुदान कार्यक्रम मार्फत् दूध, तरकारी र मासुमा आत्मनिर्भर बनाउँदै लगिनेछ।

२. **"एक वडा एक उत्पादन"** को नीति मार्फत् बेनी नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन किसानलाई सीप, प्रविधि, अनुदान तथा सहुलियत प्रदान गरिनेछ। रैथाने बालि र पशुपन्छीको संरक्षण, संवर्द्धन र व्यावसायीकरण गरिनेछ। वडागत विशिष्टताको स्वरूप देहायबमोजिम हुनेछ।

**क)** वडा नं. १: तरकारी खेती

**ख)** वडा नं. २: केरा उत्पादन

**ग)** वडा नं. ३: किवी खेती

**घ)** वडा नं. ४: सुन्तला खेती

**ङ)** वडा नं. ५: फलफूल उत्पादन

**च)** वडा नं. ६: गोलभेडा उत्पादन

**छ)** वडा नं. ७: दुध उत्पादन

**ज)** वडा नं. ८: कुखुरा (अण्डा) उत्पादन

**झ)** वडा नं. ९: टिमुर खेती

**ञ)** वडा नं. १०: आलु खेती

३. नगरक्षेत्रमा उपलब्ध जलस्रोतको संरक्षण, सदुपयोग र दिगो व्यवस्थापन गरी नगर क्षेत्रका खेतियोग्य भू-भागमा सिंचाई सुविधा विस्तार गरिनेछ ।

४. कृषि उपजको उचित भण्डारण प्रशोधन तथा बजारीकरणलाइ प्रवर्धन गर्न चिस्यान केन्द्र तथा कृषि उपज संकलन केन्द्रको प्रभावकारी संचालन गरिनेछ । स्थानीय कृषि उपजको सहज बिक्री वितरण तथा बजार पहुँच सुनिश्चित गरिनेछ ।

५. नगरपालिकाका वडाहरूमा पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभुत पशु स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । पशुपन्छीमा हुने महामारी रोगको पहिचान, नियन्त्रण र पुनःस्थापनामा सहयोग गरिनेछ । वडास्तरमा पशु स्वास्थ्यसम्बन्धी औषधीहरूको भरपर्दो व्यवस्था मिलाइनेछ । सामुदायिक कुकुर नियन्त्रणका लागि घरपालुवा कुकुर दर्ता, बन्ध्याकरण र भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. **"पशु उत्पादनमा वृद्धिः आर्थिक उपार्जन सहितको समृद्धि"** भन्ने नारालाई साकार पार्न “गाई भैंसी पकेट क्षेत्र विकास कार्यक्रम” मार्फत दुध उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै दुग्धजन्य पदार्थको निर्यात प्रवर्धनमा जोड दिईनेछ । हाल सञ्चालनमा रहेका पशु नश्ल सुधार एवं कृत्रिम गर्भाधान, आहार व्यवस्थापन तथा पशु स्वास्थ्य शिविर कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

## ख) श्रम तथा रोजगारी र सहकारी

७. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन नगरपालिकाले सञ्चालन गरेको सुरक्षित रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्रबाट सहायता उपलब्ध गराइनेछ । वैदेशिक रोजगारीमा रहेका र फर्किएका व्यक्तिको परिवारलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

८. जेन्जी समूह लक्षित गरी होटल म्यानेजमेन्ट, कृषि प्रशिक्षण, ब्युटिसियन, बुटीक, प्लम्बिङ, ईलेक्ट्रिसियन, भेटेरीनरी, बारिष्टा, वेटर लगायतका सीप सिकाई स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धन गरिनेछ । दक्ष कामदार नक्साङ्कन र सीप परीक्षण गरी प्रशिक्षणकर्ताको रूपमा स्तरोन्नती गरिनेछ।

९. रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवा प्रवाहलाई एकीकृत गर्न रोजगार सेवा केन्द्रलाई रोजगार सीप तथा उद्यमशीलता केन्द्रमा रूपान्तरण गरिनेछ । रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक गरी बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिई नगरपालिकाभित्र कार्यान्वयन हुने आयोजनाहरुमा कामदारको रुपमा आपूर्ति गर्ने नीति लिइनेछ।

१०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिनका लागि सहजीकरण गरिनेछ । श्रम स्वीकृत भएका व्यक्ति तथा परिवारका सदस्यको घातक रोगको उपचारमा आवश्यक पहल गरिनेछ। साथै वैदेशिक रोजगारीमा अलपत्र परेका व्यक्तिहरूको उद्धार गरी नेपाल फर्काउने तथा विदेशमा ज्यान गुमाएका नगरबासीहरूको शव नेपाल ल्याउनमा सहजीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११. आर्थिक समस्याबाट गुज्रिएका सहकारीहरूको व्यवस्थापन गर्न सहकारीको अनुगमन र नियमन गरिनेछ। सहकारीहरूको नियमन प्रणालीलाई व्यवस्थित गर्न अभिमुखीकरण गरिनेछ।

## ग) उद्योग, व्यापार र वाणिज्य

१२. खाद्य वस्तुको गुणस्तर मापदण्ड सम्बन्धी संघीय एवं प्रादेशिक नीति बमोजिम बजारमा स्वस्थ वस्तु आपुर्ती र उपभोग सुनिश्चितताका लागि सरोकारवाला निकायको समन्वय र सहकार्यमा बजार अनुगमन गरिनेछ।

१३. सडक पेटीमा हुने व्यापार र घुमन्ते व्यापारीबाट हुने व्यापारलाई नियमन गर्दै नगरक्षेत्रमा राखिएका औचित्यहीन होर्डिङ बोर्ड हटाउन लगाई विज्ञापन करलाई व्यवस्थित गर्दै लगिनेछ।

## घ) पर्यटन विकास

१४. पर्यटकीय पूर्वाधारमा मौलिकतालाई जोड दिन **"वडा पर्यटन परियोजना"** अन्तर्गत बेनी नगरपालिकाका सबै वडाहरूमा देहाय बमोजिमको परियोजना सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्दै जाने नीतिलाई अवलम्बन गरिनेछ।

- क) वडा नं. १ मा रत्नेचौर देखि पर्वत झोलुङ्गे पुल निर्माण, भाईरल तोरीबारी
- ख) वडा नं. २ मा लभ्लिहिल एकीकृत पर्यटन प्रवर्द्धन परियोजना, ऐतिहासिक ज्यामरुककोट कोट मन्दिर र गौस्वारा गोवर्धन क्षेत्र विकास, कोप्रे झरना,
- ग) वडा नं. ३ मा स्वर्गाश्रम बेलढुङ्गा पर्यटन प्रवर्द्धन परियोजना, सिद्ध बराजु मण्डलीथान,
- घ) वडा नं. ४ मा तातोपानी कुण्ड व्यवस्थापन तथा सिंगा जलाशय पर्यटन प्रर्वद्धन
- ङ) वडा नं. ५ मा रामायण पार्क तथा पौलत्स्य तपोभूमि परियोजना, जगन्नाथ मन्दिर र भगवती कोट मन्दिर पुलाचौर
- च) वडा नं. ६ मा रामशीला स्मारक स्थल र गुफा राममन्दिर
- छ) वडा नं. ७ मा लक्ष्मीनारायण/बलमुक्तेश्वर मन्दिर, महारानीथान, मलेबम शिवालय मन्दिर, बराह महारानी पोखरी र भगवती मन्दिर

ज) वडा नं. ८ मा जलेश्वर गुफा पुनर्निर्माण एवमं शालग्राम संग्रहालय र कोट भण्डार क्षेत्रमा टक्सार पुरातात्विक साँस्कृतिक संग्रहालय,

झ) वडा नं. ९ मा गलेश्वरधाम, ढोल्ठान दरबार र तोरीपानी होमस्टे

ञ) वडा नं. १० मा सिद्धाश्रम, घारसुन्ना पर्यटन विकास (वाखेत होमस्टे), राधाकृष्ण मन्दिर वाखेत तथा टोड्के पर्यटन विकास।

१५. नगरपालिका क्षेत्रभित्रका पर्यटकीय सम्भावना रहेका स्थानहरूको पहिचान एवं प्रवर्द्धन गर्दै लगिनेछ। बेनी नगरपालिकामा रहेका पर्यटकीय, धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूको प्रचार प्रसारलाई सघन बनाइनेछ। ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको रावण पार्क आयोजनाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार संघ तथा प्रदेश सरकार समेतको साझेदारीमा थप पूर्वाधार संरचना निर्माण गरी रामायण पार्कका रुपमा विकास गर्दै लगिनेछ।

## सामाजिक विकास क्षेत्र

### क) शिक्षा

२४. **"गुणस्तरीय र व्यवहारिक शिक्षा, समृद्ध बेनी नगरपालिका हामी सबैको अपेक्षा"** भन्ने दीर्घकालिन सोच सहित निर्माण भएको **नगर शिक्षा योजना** कार्यान्वयनमा जोड दिइनेछ।

२५. समृद्ध बेनी नगरपालिकाको नारालाई सफल बनाउन आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गरी सङ्घ र प्रदेशको समन्वयमा सबै सरोकारवालाहरूको क्षमता विकास र शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। विद्यालय उमेर समूहका सबै विद्यार्थीहरूलाई विद्यालय बाहिर नरहने वातावरण सिर्जना गरिनेछ।

२६. संस्थागत विद्यालयहरुको व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाले यथोचित सम्बोधन गर्नेछ। संस्थागत विद्यालयहरूले लिने शुल्कको कानूनबमोजिम स्थानीय तहबाट स्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।

२७. नगरपालिकाको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने कार्य पूरा भईसकेको छ। आगामी वर्षदेखि समयानुकुल परिमार्जन गर्दै लगिनेछ। पाठ्यपुस्तक समयमै छपाई गरी विद्यार्थिहरुलाई उपलब्ध गराईनेछ।

२८. सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणालीप्रति अभ्यस्त बनाउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षक तथा विद्यालयका

कर्मचारीहरुको लागि योग लगायत उत्प्रेरणा तथा मनोबल बढाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२९. गुणस्तरीय शिक्षाका लागि सबै विद्यालयका प्रधानाध्यापकले नगरपालिकासँग र विषयगत शिक्षकहरूले सम्बन्धित प्रधानाध्यापकसँग विभिन्न सूचकसहित कार्यसम्पादन करार सम्झौता गरीनेछ । उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

३०. अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न प्रोत्साहन गरी सिकाइलाई निरन्तरता दिइनेछ । सिंगा र बगुवाखोलामा रहेको स्रोत कक्षा आवासीय विद्यालयलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।  बेनी बजारमा सञ्चालित बौद्धिक अपाङ्गता दिवासेवा केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ।

३१. विद्यालय तहमा अध्ययनरत विद्यार्थीलाई पढ्दै सिक्दै अध्ययन विधि मार्फत् सीप विकास तथा क्षमता विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्न "वी क्यान वी डू (We Can We Do)" कार्यक्रमलाई निरन्तरता दिइनेछ। नवप्रवर्तनात्मक धारणाको अभिवृद्धि गराउन **सोच, खोज र गर** सिद्धान्तमा आधारित युवा/विद्यार्थीसँग मेयर कार्यक्रम तथा मेयरसँग समाजिक विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३२. आधारभूत तह उत्तीर्ण परीक्षाको प्रभावकारी सञ्चालनलाई निरन्तरता दिइनेछ। आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित र वस्तुनिष्ठ बनाउनको लागि  फरक विद्यालयमा परीक्षा केन्द्र तोकिनेछ। प्रश्नपत्रको शुद्धता तथा उत्तरपुस्तिका परीक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ।

३३. विज्ञान/गणित तथा प्राविधिक धार तर्फ शैक्षिक जनशक्ति उत्पादनका लागि गणित, विज्ञान र प्राविधिक धार लक्षित छात्रवृत्ति एवं अति विपन्न दलित जेहन्दार छात्रवृत्तिलाई निरन्तरता दिइनेछ।

३४. थोरै विद्यार्थी संख्यामा विद्यालय सञ्चालन गर्दा व्ययभार बढ्न जाने र न्यून प्रतिफल प्राप्त हुने देखिएकोले न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई क्रमश: तह मर्ज, कक्षा मर्ज र विद्यालय मर्ज गरी आवासीय विद्यालय सञ्चालन गर्नुका साथै **जहाँ विद्यार्थी त्यहाँ शिक्षक** नीतिलाई अंगिकार गरिनेछ। न्यून विद्यार्थी सङ्ख्या भएका कक्षा ११ र १२ का संकाय तथा विषय परिवर्तन गरिनुका साथै तह मर्ज गरिनेछ।

३५. विद्यालयमा शिक्षक विद्यार्थी उपस्थितिलाई विद्युतीय हाजिरीमा जोड्न विद्युतीय हाजिरी जडान कार्यलाई विस्तार गर्दै लगिनेछ । शिक्षक उपस्थितिको अनुगमन नगरपालिकाबाट हुने गरी

व्यवस्थापन मिलाइनेछ । विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको अनुगमन, निरीक्षण र सुपरीवेक्षणलाई सघन रूपमा अगाडि बढाइनेछ ।

३६. संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगरभित्र सञ्चालित कोचिङ सेन्टर, भाषा कक्षा सञ्चालन केन्द्र, छात्रावास (होस्टल), तालिम केन्द्र, कन्सलटेन्सी लगायतका संस्थाहरुको अभिलेखीकरण तथा नियमनलाई प्रभावकारी बनाइनेछ ।

३७. शैक्षिक क्रियाकलापहरुलाई क्यालेन्डरका आधारमा सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि सङ्घीय सरकारको सशर्त अनुदानमा निःशुल्क पाठ्यपुस्तक, कक्षा १-५ सम्म दिवा खाजा, छात्रवृत्ति तथा छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**ख) युवा तथा खेलकूद**

३८. नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । नगरस्तरीय खेलमैदानको रुपमा रहेको बेनी रङ्गशाला (खुला मञ्च), चुत्रेनी खेलमैदान, तोरीपानी खेलमैदान, अर्थुङ्गे खेलमैदान र रत्नेचौर खेलमैदानलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ ।

३९. बेनी नगरपालिकाको केन्द्र बेनी बजारमा भलिबल खेल प्रशिक्षण केन्द्र स्थापना र सञ्चालनका लागि सहयोग गरिनेछ । खेलकुदको माध्यमबाट किशोर, किशोरीको आत्मविश्वास अभिवृद्धि गर्नुका साथै खेल प्रतिभाहरु उजागर गर्न नवोदित खेलाडी लक्षित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्रहरूमा सञ्चालन हुने मेला महोत्सव एवं खेलकुदजन्य गतिविधिहरूलाई व्यवस्थित तथा मर्यादित बनाउन पूर्व अनुमति प्रणालीलाई प्रभावकारी बनाइनेछ।

**ग) स्वास्थ्य**

४०. **निरोगी नगरपालिका अभियान** अन्तर्गतको राष्ट्रिय नीतिलाई व्यवहारिक रुपमा सञ्चालन गर्न नगरपालिकाका ७० वर्ष माथिका ज्येष्ठ नागरिक, शारीरिक वा बौद्धिक अपाङ्गता भएका र अशक्त व्यक्तिहरूका लागि "ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्यकर्मी" अभियानलाई निरन्तरता दिइनेछ । स्वास्थ्यकर्मीद्वारा घरमै पुगेर नि:शुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण र परामर्श सेवा प्रदान गरिनेछ ।

४१. नसर्ने रोगहरूको समयमै पहिचान र रोकथामका लागि प्रत्येक महिनाको १५ गतेलाई "NCD Day" को रूपमा निरन्तरता दिइनेछ । बेनी नगरपालिकाका सबै वडाहरूमा उच्च रक्तचाप, डिप

स्टिक (किड्नी) टेष्ट, मधुमेह, मुटु रोग, श्वासप्रश्वास सम्बन्धी रोग लगायत नसर्ने रोगहरूको नि:शुल्क परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै स्वास्थ्य चौकीहरूमा पाठेघरको मुखको क्यान्सर (VIA विधिबाट) तथा स्तन क्यान्सरको जाँच सेवा नि:शुल्क प्रदान गरिनेछ।

४२. किशोरीहरूमा देखिने रक्तअल्पताको समस्या न्यूनीकरणका लागि नगरपालिका भित्रका सबै किशोरीहरूको रक्तअल्पता परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। गर्भको जटिलता र जोखिमको समयमै पहिचान गर्न सबै वडाहरूमा पुग्ने गरी दक्ष जनशक्ति सहितको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ। डेंगु लगायतका महामारीजन्य रोगको समयमा पहिचान र प्रतिकार्य गर्न समुदायमा आधारित रोग निगरानी अभियानलाई निरन्तरता दिइनेछ।

४३. विगतका बर्षदेखि नै घरमा हुने सुत्केरीको सङ्ख्या शून्य रहेको तथ्यलाई आत्मसात् गर्दै संस्थागत सुत्केरी सेवामा पहुँच बढाउन सबै गर्भवती महिलाहरुको डिजिटल अभिलेखिकरण गरिनेछ। गर्भावस्थाको प्रत्येक चरणमा स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मी मार्फत ट्र्याकिङ प्रणालीलाई निरन्तरता दिइनेछ। जोखिमयुक्त गर्भवती पहिचान गरी आवश्यक उपचारको व्यवस्था मिलाइनेछ।

४४. सरकारी, निजी तथा गैरसरकारी संघसंस्थाहरूसँगको समन्वयमा वडास्तरमा बृहत् स्वास्थ्य शिविर मार्फत् नि:शुल्क स्वास्थ्य परीक्षण, विशेषज्ञ सेवा, औषधी वितरण लगायतका सेवा प्रदान गरिनेछ। नगरलाई पूर्ण खोप सुनिश्चित नगर घोषणा गरी सकिएकाले सोको निरन्तरताका लागि निरन्तर नियमन, अन्तर क्षेत्रीय समन्वय/सहकार्य गरिनेछ।

४५. स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न, बेनी नगरपालिकामा रहेका गरिब तथा विपन्न परिवारहरूलाई स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। विपन्न नागरिकलाई स्वास्थ्य उपचारका लागि आवश्यक सहायतामा निरन्तरता दिइनेछ। महिला स्वास्थ्य स्वयमसेबिकालाई उत्प्रेरित गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

## घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

४६. लागूपदार्थको दूर्व्यसन नियन्त्रण गर्नका लागि सुरक्षा निकाय, निजी तथा गैरसरकारी क्षेत्रको समन्वयमा मनोपरामर्श सहित जनचेतना र जागरणको कार्यक्रम संचालन गरिनेछ। बालबालिका संरक्षण, बाल विवाह, धूम्रपान तथा मद्यपानको कूलत, जातीय विभेद तथा सामाजिक कुरिती न्यूनीकरण र वातावरण तथा नदीनाला प्रदुषणको विरूद्धमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ।

४७. नगरभित्रका किशोरीहरूको टेकएज गर्ल्स र बालविवाह न्यूनीकरण कार्यक्रम मार्फत् क्षमता विकास गरी किशोरी र महिला सशक्तिकरण गरिनेछ। किशोरीहरुको हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चितता हुने गरी लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४८. **"आमा समूहसँग उपमेयर"** कार्यक्रम मार्फत् वडा नं. ७ र ८ का महिला तथा आमासमूहको क्षमता विकास र आर्थिक सशक्तिकरण गरिनेछ। यस कार्यक्रमलाई तोकिएका वडाको स्थानीय उत्पादन वृद्धि र उद्यमशीलता प्रवर्द्धन गर्न केन्द्रित गरिनेछ।

४९. लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। हिंसा प्रभावितहरूको तत्कालै उद्दार र अल्पकालीन आश्रयको व्यवस्था मिलाईनेछ। राहत, उद्दार, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनका कार्यक्रम मार्फत् लैङ्गिक हिंसा न्यूनीकरणका प्रयासलाई थप सार्थक बनाइनेछ।

५०. सबै वडाहरूलाई क्रमशः बालमैत्री वडा बनाउँदै नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गरिनेछ। बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्नको लागि बाल प्रोफाइल र कार्ययोजना निर्माण गरिनेछ। बालमैत्री स्थानीय शासनका सूचकहरूलाई विकासका सबै आयामहरुमा समाहित गर्दै लगिनेछ।

५१. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न तथा बालबालिका संरक्षणका लागि गठन भएका बाल अधिकार समिति, बाल क्लव, बाल सञ्जाल, बाल संरक्षण समिति लगायतका संरचनालाई सक्रिय र कार्यमूलक बनाइनेछ।

५२. वडामा रहेका विभिन्न ज्येष्ठ नागरिक मिलन केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ। योग तथा सत्संगको माध्यमबाट ज्येष्ठ नागरिकको आयु, आरोग्यता र मानसिक स्वास्थ्य स्थितिमा सुधार गरिनेछ।

५३. नगरपालिकालाई सडक मानवमुक्त बनाउन तथा नगरबासीलाई एम्बुलेन्स, रक्तसञ्चार, पुस्तकालय लगायतका सेवा सुविधाहरु उपलब्ध गराउन मानवसेवा आश्रम, म्याग्दी क्याम्पस, सामुदायिक पुस्तकालय, बाल संगठन, जेसिज, लायन्स लगायतका सामाजिक संघसंस्थाहरूसँग साझेदारी गरिनेछ। यी संस्थाहरुसँगको सहकार्यमा सामाजिक समस्याहरुको यथोचित सम्बोधन गर्ने नीति लिइनेछ।

## ङ) <u>खानेपानी तथा सरसफाइ</u>

५४. वडा नं. ५, ६, ९ र १० लक्षित बृहत् घोप्टेखोला खानेपानी आयोजना निर्माण साझेदारी सहित निर्माण कार्य समयमै सम्पन्न गर्न सहजीकरण गरिनेछ। साथै अन्य वडाहरूमा खानेपानी उपलब्ध गराउन उपभोक्ताहरूसँगको सहलगानीमा खानेपानी आयोजनाहरू निर्माण र सञ्चालन गरिनेछ।

५५. **एक घरः एक धारा** खानेपानी आयोजनाहरूलाई नगर क्षेत्रभित्रका साना एवं ठूला परियोजनाहरूसँग आवद्ध गर्दै खानेपानीका स्रोत (मुहान)को गुणस्तर परीक्षण मार्फत् नगरबासीलाई स्वच्छ र शुद्ध खानेपानी उपलब्ध गराउन पहल गरिनेछ। खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास प्लान) निर्माण गरी कार्यान्वयन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

## च) भाषा, कला, साहित्य र संस्कृति

५६. नगरभित्र रहेका सबै जात, जाति र समुदायको भाषा, भेषभुषा, वाद्ययन्त्र लगायत स्थानीय संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न विशेष जोड दिइनेछ। कोट मन्दिरहरुको संरक्षण तथा पुजाआजा व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ। पौलत्स्य पुलहआश्रम क्षेत्र तथा रामायण पार्क सम्मको पहुँचमार्ग स्तरोन्नती गरी ऐतिहासिक र पौराणिक महत्वलाई थप उजागर गर्दै लगिनेछ।

५७. नगरपालिका क्षेत्रभित्र परम्परागत चौतारी, पोखरी तथा विश्रामस्थल निर्माणका लागि नगरबासीलाई प्रोत्साहन गरिनेछ। पुनर्निर्माण र संरक्षणको कार्यमा स्थानीय व्यक्तिको योगदानको कदर गर्दै पूर्व निर्माणकर्ताको सहमती लिनु पर्ने नीति अवलम्बन गरिनेछ।

५८. बेनी नगरपालिकाको वडा नं. ६ मा रहेको रामशिला उद्गम स्थल, स्मारक पार्क तथा तीर्थालू आश्रमस्थल निर्माण कार्यका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

५९. कालीगण्डकी नदीको स्वच्छता र पवित्रता कायम गर्दै यसको पौराणिक र पर्यावरणीय महत्वलाई थप उजागर गरिनेछ। गलेश्वर क्षेत्रबाट कालीगण्डकी नदी डाईभर्सन गरी विद्युत उत्पादन गर्न प्रस्ताव गरिएको आयोजनाले बेनी बजार क्षेत्रमा कालीगण्डकी नदीको बहाव र स्वच्छता प्रभावित हुने भएकाले उक्त परियोजनाको लागि पानी डाइभर्सन गर्न नदिने र विकल्पका रूपमा म्याग्दीकाली दोभान भन्दा तलबाट आयोजना कार्यान्वयन गर्न जोड दिइनेछ।

# पूर्वाधार विकास क्षेत्र

## क) भौतिक योजना तथा पूर्वाधार विकास

६०. भौतिक पूर्वाधारको आवश्यकता र उपलब्ध स्रोतका आधारमा प्रशासनिक भवन, विद्यालय र सामुदायिक भवन, सडक, झोलुङ्गे पुल, खेलकुद मैदान लगायतका पूर्वाधार निर्माण र स्तरोन्नती कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।

६१. नगरपालिका क्षेत्रभित्र आधारभूत शहरी पूर्वाधार निर्माण गर्न तपसिलका नगर गौरबका आयोजनाहरूलाई प्राथमिकतामा राखी नगरपालिकाको उपलब्ध श्रोत र साधनको आधारमा क्रमैसँग कार्यान्वयन गर्दै लगिनेछ ।

क. बेनी - पाखापानी सडक,
ख. बेनी रङ्गशाला (खुल्लामञ्च) निर्माण,
ग. बेनी - ज्यामरुककोट सडक,
घ. बेनी - अर्थुङ्गे – पुलाचौर - टोड्के सडक,
ङ. महारानीथान - छाप – डाँडाखेत - ठूलोखोला सडक,
च. बेनी अस्पताल चोकदेखि महारानी थानसम्मको बहुउद्देश्यीय पदमार्ग (अग्नि रेखा)
छ. बेनी - भकिम्ली सडक
ज. बेनी - थामडाँडा – मरेक - बरंजा सडक
झ. बेनी - काउलेगौँडा - पात्लेखेत सडक
ञ. बेनी – सारेमारे - ढोडेनी सडक
ट. रामशिला स्मारक
ठ. ढोल्ठान दरबार
ड. ज्यामरुककोट दरबार, गौस्वारा गोवर्धन क्षेत्र विकास
ढ. बेलढुङ्गा स्वर्गाश्रम
ण. शान्ति पार्क
त. लभ्लि हिल
थ. कालीगण्डकी स्नान, आरती स्थल र घाट निर्माण

६२. गलेश्वर क्षेत्रको सौन्दर्यता वृद्धि गरी गलेश्वरधामलाई धार्मिक क्षेत्रका रुपमा विकास गर्न गलेश्वर क्षेत्र विकास कोष र प्रदेश सरकारसँगको साझेदारीमा बजार क्षेत्रभित्र पार्किङ व्यवस्थापन र शवदाह स्थल निर्माण गरिनेछ ।

६३. नगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारहरूलाई अपांगमैत्री, बालमैत्री तथा वातावरणमैत्री बनाउन पहल गरिनेछ । बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरी सडक विस्तार, मर्मत तथा स्तरोन्नती गर्दै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सवारी संचालनको सुनिश्चितता गरिनेछ ।

६४. प्राविधिक कर्मचारीलाई सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण एवम् सार्वजनिक खरिदका विविध विषयमा सीप र दक्षता अभिवृद्धि गर्न समायानुकुल तालिम प्रदान गरीनेछ । योजना अनुगमन कार्यलाई निर्माण कार्यको गुणस्तर सुनिश्चितता र समस्या समाधानमा केन्द्रित गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

६५. तातोपानी कुण्डको शुद्धता र संरक्षणका लागि बजारक्षेत्रमा उपयुक्त ढल व्यवस्थापन गर्ने, नयाँ घर निर्माण स्वीकृति लिँदाका बखत जमिनमा गैर पारगम्य सेप्टिक ट्याङ्क (Non- Permeable Septic Tank) बनाउनुपर्ने र निर्माण भै सकेका घरको लागि समेत क्रमश: गैर पारगम्य सेप्टिक ट्याङ्क (Non- Permeable Septic Tank) निर्माण गर्न लगाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६६. बेनी नगर बाहिरी रिङ्ग रोड **बेनी-सारेमारे-रत्नेचौर-ज्यामरुककोट-भकिम्ली-सिंगा-डाँडाँखेत-चिप्लेटी-जगन्नाथ-डावा-सौरबोट-घारसुन्ना-पात्लेखेत-गलेश्वर-बेनी**लाई स्तरोन्नती गर्दै लगिनेछ । कालीपुल मंगलाघाट जोड्ने नदी किनारको सडक (रिङ्ग रोड) लाई नमूना सडकका रुपमा विस्तार गरिनेछ ।

## ख) भूमि व्यवस्था, भवन, शहरी योजना तथा बस्ती विकास

६७. नेपाल सरकारबाट जारी गरीएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ एवम् भवन निर्माण मार्गदर्शन, २०८२ को अधीनमा रही नगरपालिकामा बस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ । नक्सापास तथा अभिलेखिकरण कार्यलाई प्रविधिमा आधारित बनाई थप व्यवस्थित गरिनेछ । उर्जा प्रभावकारी भवन निर्माण गर्न नागरिकहरूलाई प्रोत्साहन गरिनेछ ।

६८. नगरपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानूनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरूत्साहित गरिनेछ ।

६९. नगर क्षेत्रका अति विपन्न परिवार तथा सुकुम्बासीहरूको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी **विपन्न नागरिक आवास** निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७०. नापी विभागसँगको समन्वयमा नगर क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाको कित्ता वर्गीकरण गरी तयार गरिएको डिजिटल नक्सा बमोजिम भू-उपयोग वर्गीकरण सिफारिस सम्बन्धित वडाबाट नै हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

७१. सार्वजनिक जग्गा तथा सम्पत्ती अतिक्रमण नियन्त्रण तथा रोकथामको लागि जिल्ला प्रशासन कार्यालय, भूमि प्रशासन कार्यालय तथा नापी कार्यालयसँगको समन्वयमा तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### क) वन तथा नवीकरणीय उर्जा

७२. बाक्लो ग्रामिण एवं शहरी क्षेत्रमा सडक बत्ती विस्तार गरी चोक तथा सार्वजनिक स्थलहरूलाई उज्यालो बनाई रात्रीकालीन आवागमन सहज बनाइनेछ । सामुदायिक वनसँगको साझेदारीमा पर्यापर्यटन सम्बन्धी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । निजी आवादीमा वन विस्तार गरी वन पैदावारको बिक्रीबाट आय सिर्जना गर्न निजी वन दर्ता प्रक्रियालाई सरल बनाइनेछ ।

७३. दीगो विकास लक्ष्यको स्थानीयकरण र आन्तरिकीकरणमा आवश्यक कार्य गरिनेछ । आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा दीगो विकास लक्ष्य स्थानीयकरणका सूचकहरुलाई आन्तरिकीकरण गरिनेछ ।

७४. जलवायु परिवर्तनका कारण सिर्जना हुने विपद् जोखिम तथा अन्य नकारात्मक असरहरु न्यूनीकरणका लागि स्थानीय अनुकूलन योजना तथा कार्यक्रम तयार गरी लागु गरिनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकार र गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

### ख) वातावरण संरक्षण र विपद् व्यवस्थापन

७५. पूर्वाधार निर्माणका ठूला परियोजनाहरु निर्माण गर्दा वातावरणीय अध्ययन गरिनेछ । वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा म्याग्दी नदी र कालीगण्डकी नदीबाट नदीजन्य पदार्थ उत्खनन् गरिनेछ ।

७६. निजी स्वास्थ्य संस्थाहरुबाट निष्काशन हुने फोहरमैला विसर्जनको लागि प्रादेशिक अस्पतालसँग समन्वय गरिनेछ । नगरभित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी समस्याको दीगो समाधानको लागि निजी क्षेत्रको प्रविधि र लगानी आकर्षित गरिनेछ । यसै आर्थिक वर्ष भित्र बेनी गलेश्वर सडक किनारामा रहेको फोहर विसर्जनस्थललाई अन्यत्र स्थानान्तरण गरिनेछ ।

७७. सबै प्रकारका विपद्को रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरिनेछ ।

७८. मनसुनजन्य विपद्का घटनामा परी पूर्ण क्षति भएका घरहरुको पुनःनिर्माण तथा रकम भुक्तानीको व्यवस्था गर्न नगरपालिकाको जिम्मेवारी र दायित्वहरु समयमै पुरा गरिनेछ। यस कार्यमा नेपाल सरकार र प्रदेश सरकारको समेत जवाफदेहिता प्रवर्द्धनको पहल गरिनेछ।

## सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्र

### क) संगठन संरचना र मानव संशाधन व्यवस्थापन

७९. राष्ट्रिय मापदण्ड तथा स्थानीय आवश्यकता र राजश्व क्षमता समेतलाई मनन गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगरपालिकाको संगठन संरचना र दरबन्दी पुनरावलोकन गरिनेछ। चुस्त, छरितो र कार्यमूलक संगठन संरचना निर्माणमा जोड दिइनेछ। सबै शाखा र कार्यरत कर्मचारीको कार्यविवरण तयार गरी जिम्मेवारी स्पष्ट पारिनेछ। कार्यसम्पादन करारको माध्यमबाट कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाइनेछ।

८०. कर्मचारीहरुलाई कार्यसम्पादन सूचकको आधारमा मूल्याङ्कन गरी दण्ड तथा पुरस्कारको व्यवस्था गरिनेछ। वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा कर्मचारीको अनुशासन र आचरणलाई समेत आधार लिइनेछ।

८१. कर्मचारीको वृत्ति विकासमा योगदान गर्न नेपाल सरकार र गण्डकी प्रदेश सरकारका आधिकारिक तालिम प्रदायक संस्थाहरूसँगको समन्वयमा नगरमा नै सेवाकालीन तालिम लिन सकिने व्यवस्था मिलाइनेछ।

८२. कर्मचारी सेवा सुविधा तथा तलब सम्बन्धमा नेपाल सरकारले लिएको नीति बमोजिम नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको सेवा सुविधा र तलब वृद्धि गरिनेछ। स्थानीय संचित कोषबाट भुक्तानी पाउने करारमा कार्यरत सम्पूर्ण कर्मचारीको हकमा समेत यथोचित तलब वृद्धि गरी आन्तरिक मापदण्डका आधारमा सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ। राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च पार्दै काम प्रति उत्प्रेरित गर्न पर्यटन काज कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### ख) सेवा प्रवाह र सुशासन

८३. LGPAS का कार्यसम्पादन सूचकहरूमा उच्च प्रगति हासिल गर्न आर्थिक वर्षको शुरुवात देखि नै योजनावद्ध रुपमा अगाडि बढिनेछ। संघीय सरकार र संवैधानिक निकायले गर्ने मूल्याङ्कनमा यस नगरपालिकालाई उत्कृष्ट बनाउने गरी कार्यसम्पादन गरिनेछ।

८४. नगरपालिकाको SEVIMS विद्यूतीय प्रणालीमा रहेको तथ्याङ्क अद्यावधिक गरी सबै वडाहरुमा व्यवस्थित रुपमा लागू गरिनेछ। क्युआर कोड सहितको घर नम्बर प्लेट टाँस गर्न छुट भएका सबै घरहरुमा नम्बर प्लेट टाँस गरिनेछ।

८५. नगरपालिका तथा वडाबाट प्रवाह हुने सेवालाई अझै चुस्त बनाउन जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिका र मातहतका कार्यालयको कार्यसम्पादनलाई पारदर्शी बनाई भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति कार्यान्वयन गरिनेछ।

८६. वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयको कार्यसम्पादनलाई पारदर्शी, नतिजामूलक र जवाफदेही तुल्याई सुशासन प्रवर्द्धन गर्नका लागि साझा सरोकारका विषयमा छलफल, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## ग) विद्युतीय सेवा तथा सूचना प्रविधि र सञ्चार

८७. नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण, विपद व्यवस्थापन तथा अनुगमन नियमन लगायतका कार्यहरुको अध्ययन अवलोकन गरी सुधारका लागि सुझाव दिन सञ्चारकर्मीहरुसँग लेखनवृद्धि कार्यक्रम मार्फत सहकार्य गरिनेछ।

८८. नगरपालिका र मातहतका प्रशासनिक कार्यालय, महत्वपूर्ण सार्वजनिक स्थल, धार्मिक स्थल लगायत मानिसहरुको भिडभाड बढी हुने क्षेत्रमा सुरक्षा संवेदनशीलतालाई ख्याल गर्दै सि.सि. क्यामेराबाट निगरानी गरिनेछ।

८९. बेनी नगरपालिकालाई सेवाग्राहीमैत्री बनाउन डिजिटल सूचना पाटी, नागरिक वडापत्रका अतिरिक्त नागरिक सहायता कक्षलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ। स्थानीय सरकार सञ्चालनका विभिन्न क्षेत्रहरुमा कृत्रिम बौद्धिकता (AI) को उपयोगका सम्बन्धमा भएका सफल अभ्यासहरुलाई स्थानीय परिवेश अनुकूल आन्तरिकीकरण गर्न पहल गरिनेछ।

## घ) राजस्व परिचालन र सार्वजनिक खर्च व्यवस्थापन

९०. **नगर समृद्धिको आधारः आन्तरिक आयको विस्तार** भन्ने मूल नारालाई आत्मसात् गर्दै लक्ष्य अनुसारको आन्तरिक आय परिचालन गर्ने अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ । आन्तरिक आय संकलनका लागि आवश्यक पर्ने नीति, कानून र कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ। वडा कार्यालयहरुले संकलन गर्ने कर रकमको २० प्रतिशत अनुपातमा थप बजेट बाँडफाँड गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९१. नदी क्षेत्र तथा व्यक्तिगत आवादीमा हुने निर्माण सामग्री उत्खनन लगायतका कार्यबाट हुने प्राकृतिक स्रोत चुहावट नियन्त्रण गर्न तथा करको दायरामा ल्याउन नीतिगत, संस्थागत एवं प्रक्रियागत सुधार गरिनेछ।

९२. नेपाल सरकारबाट स्वीकृत आर्थिक सुधार सुझाव समितिको प्रतिवेदन, २०८१ र नेपाल सरकारबाट तय गरिएको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीलाई स्थानीय परिवेश अनुसार कार्यान्वयन गर्दै लगिनेछ। बेनी नगरपालिकाको राजस्व सुधार कार्ययोजना र राजस्व परामर्श उपसमितिको प्रतिवेदन, २०८२ ले उठान गरेका विषयलाई क्रमशः कार्यान्वयनमा लगिनेछ।

९३. बेनी नगरपालिकाबाट तोकिए बमोजिमका करहरू नियमित रुपमा बुझाउन करदातालाई प्रोत्साहित गरिनेछ। उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगरक्षेत्रभित्र लागु गराउन सकिने सम्भावित करका क्षेत्रहरू पहिचान गरी करको दायरा विस्तार गरिनेछ। तोकिएको अवधिभित्र कर दाखिला गर्ने करदातालाई कानून बमोजिम छुट सहुलियत र कर कानून परिपालना नगर्ने करदातालाई दण्ड जरिवाना लगाई कर असुली गरिनेछ।

९४. दीर्घकालीन दायित्व सिर्जना हुने गरी करार कर्मचारी नियुक्ति वा अनुदानका कार्यक्रमहरु घोषणा गरिने छैन। विगत देखि सञ्चालनमा रहँदै आएका उपलब्धी हासिल हुन नसक्ने प्रकृतिका कार्यक्रमहरु पहिचान गरी खारेज गर्ने नीति लिइनेछ।

## ङ) आन्तरिक नियन्त्रण र वित्तीय अनुशासन प्रवर्द्धन

९५. खर्च प्रक्रियामा प्रचलित खरिद ऐन र आर्थिक कार्यविधि कानूनहरुको पालना गरी आर्थिक अनुशासन कायम गर्दै कार्यसम्पादन गरिनेछ। कार्यालयको आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

९६. विगतका वर्षहरुबाट सञ्चित हुँदै आएको बेरुजु न्यूनीकरणका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। बेरुजु वर्गीकरण र फछर्यौट कार्यलाई योजनावद्ध ढंगले अगाडि बढाइनेछ।

## च) पञ्जीकरण तथा सामाजिक सुरक्षा व्यवस्थापन

९७. विद्युतीय घटना दर्ता प्रणालीलाई अझै प्रभावकारी बनाइनेछ। घटना घटेको ३५ दिनभित्रै दर्ता गर्ने व्यवस्था लागु गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९८. नेपाल सरकारको नीति बमोजिम सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने चुहावट नियन्त्रण गर्न प्रविधिको प्रयोगलाई जोड दिइनेछ । घुम्ती टोली मार्फत् वितरण गर्दै आइएको सामाजिक सुरक्षा भत्ता सेवालाई मितव्ययी बनाइनेछ ।

## छ) कानून, मानव अधिकार र न्यायिक समिति

९९. न्यायिक समितिको न्याय सम्पादनबाट नागरिकले द्रुत न्याय पाएको अनुभुति गर्ने गरी कार्यसम्पादन वृद्धि गर्न मेलमिलापकर्ताको संख्या वृद्धि तथा विद्यमान संस्थागत संरचनाको सवलीकरण र सशक्तिकरण गर्दै लगिनेछ । न्यायिक समितिको कार्यलाई व्यवस्थित गर्न तथा मुद्दका दुबै पक्षलाई मेलमिलापको माध्यमबाट जित जितको अवस्थामा पुऱ्याउन वडास्तरमा मेलमिलाप गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

१००. स्थानीय कानून निर्माण प्रक्रियालाई थप व्यवस्थित बनाउन जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ । कानून निर्माणमा विज्ञ र सरोकारवालाहरुको सहभागिता प्रवर्धन गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण नगर सभाका सदस्य, नगरस्थित राजनीतिक दल, पत्रकार, नगरबासी दाजुभाइ तथा दिदीबहिनी र सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । नगरको विकास प्रक्रियामा सहयोग र सहकार्य गर्नुहुने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, दातृ निकाय, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रप्रति बेनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ, सहयोग र सुझाव प्राप्त हुने विश्वास गर्दछु ।

धन्यवाद ।

**जय बेनी नगरबासी ।**
**जय बेनी नगरपालिका ।।**

# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बेनी, म्याग्दी

Web: benimun.gov.np
Mail: benimunicipality@gmail.com